# सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान डोटीको कार्यकारी समितिको दशौं बैठक सम्पन्न

सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान पुन्ना, डोटीको दशौं कार्यकारी समितिको बैठक मिति २०८२ फाल्गुन २९ गते मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय धनगढीमा सम्पन्न भएको छ । प्रतिष्ठानको ऐन २०७७ तथा पहिलो संशोधन ऐन २०७९ को दफा ९ (१) बमोजिम प्रतिष्ठानको दशौं कार्यकारी समितिको बैठक बसेको हो । बैठकको अध्यक्षता सुदूरपश्चिम प्रदेश सरकारका प्रमुख सचिव श्री वैकुण्ठ प्रशाद अर्याल गर्नु भएको थियो । कार्याकरी समितिको सदस्यहरुमा प्रदेश सरकारका विषयगत मन्त्रालयहरुका सचिवहरु सदस्य रहनुका साथै कार्यकारी निर्देशक श्री गेहेन्द्र बम (समिति सदस्य सचिव) को उपस्थिती रहेको थियो ।

दशौं कार्यकारी समितिको बैठकमा प्रतिष्ठानका कार्यकारी निर्देशक गेहेन्द्र बमले प्रतिष्ठानले आ.व २०८२/०८३ को माघ महिना सम्म सम्पादन गरेका प्रमुख कार्यहरुको वारेमा प्रस्तुतिकरण गर्नुका साथै प्रतिष्ठानको आगामी कार्ययोजनाको वारेमा बैठकलाई जानकारी गराउनु भएको थियो । साथै प्रतिष्ठानले भोग्दै आईरहेको समस्या तथा प्रतिष्ठानलाई समय साक्षेप अनुसार गुणस्तरिय प्रशिक्षण तथा अनुसन्धान, स्थानीय तहहरु, विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसंग सहकार्य, समन्वयको वारेमा जानकारी गराउनु भएको थियो ।

कार्यकारी समितिले सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान (आर्थिक प्रशासन) विनियमावली मस्यौदा, २०८२ माथिको छलफल तथा स्वीकृतिका लागि परिषद् समक्ष सिफारीस, सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान (कर्मचारी सेवा सर्त सम्बन्धी) विनियमावली मस्यौदा,२०८२ माथिको छलफल तथा स्वीकृतिका लागि परिषद् समक्ष सिफारीस, अधिकृत स्तर सातौ/आठौं तहको सेवा प्रवेश तालिमको पाठ्यक्रम का साथै अधिकृत तह नवौं/दशौं तहको सेवकालिन पाठ्यक्रम स्वीकृतिका लागि अनुसन्धान तथा प्रशिक्षण परिषद् समक्ष सिफारीस आवश्यक सुझावहरु संशोधन सहित सिफारीस गरेको छ ।





